

# अध्याय -२

# येशू नै परमेश्वर हुनुहुन्छ वा उहाँको ईश्वरत्वलाई प्रमाण दिने चिन्ह तथा शङ्केत गर्ने उहाँका वचन र क्रियाकलापहरू

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना ६:१-१५, यशैया ५३:४-६, १ कोरन्थी ५:७, यूहन्ना ६:२६-३६, यूहन्ना ९:१-४१, १ कोरन्थी १:२६-२९ र यूहन्ना ११।

*यस अध्यायको मुल सार पदः "येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ?" यूहन्ना ११:२५-२६।*

बाइबल सम्बन्धी अल्पज्ञान र येशू प्रति पूर्वाग्रह वा सङ्कुचित भावना राख्ने व्यक्तिहरूले उहाँको अस्तित्व केवल दुई हजार वर्ष अघि मात्र भएको हो भनेर दावी गर्छन् र सिकाउँदछन् पनि। तर बाइबलले उहाँको चित्रण अत्यन्तै फरक र प्रष्ट वा सटिकको रूपमा प्रस्तुत गर्दछः उहाँ सनातन पुत्र, सनातन परमेश्वर पितासँग एक हुनुभएको, उहाँ न त सृष्टि गरिएको न त उहाँमा भएको जीवन कसैबाट उपलब्ध गराएको हो। सृष्टिमा अस्तित्व हुन आएका सबै थोकहरू उहाँबाट नै हुन् (यूहन्ना १:१-३)। त्यसको अर्थ, येशूको अस्तित्व सनातन वा अनन्तदेखि नै थियो। उहाँको अस्तित्व नभएको कुनै पनि समय थिएन। उहाँले आफ्नो देवत्वको अधिकार

स्वर्गमै छोडेर यस संसारमा मानव अवतार लिएर जन्मनुभएको थियो, तर उहाँले आफ्नो देवत्व वा परमेश्वरीय गुण वा स्वभावलाई कहिल्यै त्यागनुभएको थिएन। कतिपय विशेष परिस्थिति र समयमा उहाँले बोल्नुभएको वाणी र क्रियाकलापहरूले आफ्नो ईश्वरिय शक्तिलाई उहाँले प्रकट गर्नुभएको थियो।

येशूको व्यक्तित्वको बारेमा उपर्युक्त धारणा यूहन्नाको निम्ति अत्यन्तै महत्त्वपूर्ण थियो। जब येशूका केही अलौकिक वा आश्चर्य कामहरूको बारेमा उनले लेखेका थिए तिनीहरूमा उहाँको देवत्व वा परमेश्वरीय गुण वा स्वभावलाई उनले औँल्याएका थिए। आफ्नो देवत्व वा ईश्वरीय स्वभावको बारेमा उहाँले बोल्नु मात्र भएन उहाँकै क्रियाकलापले उहाँ सनातन परमेश्वर हुनुहुन्छ भनेर खुलेआम प्रकट गर्नुभएको थियो।

***येशूका तीन अत्यन्तै महान् लक्षण वा चिन्हहरूले उहाँ परमेश्वर हुनुहुन्छ भनेर प्रमाणित गरेका घट्नाहरू यस अध्यायमा हामीले नियाल्नेछौं। अचम्म लाग्दो कुरो के छ भने येशूको प्रत्येक आश्चर्य वा अलौकिक कामलाई कतिपयले विश्वास गरेनन् न त त्यसको महत्त्वलाई नै बुझ्न सके। कतिपयको निम्ति त उहाँको कामले नै उहाँबाट फर्किने बहाना थियो; कतिपयको निम्ति तिनीहरूका आँखा वा आत्मिक ज्ञानमा कस्तो गहिरो अन्धापना थियो भनेर प्रकट गरिएको थियो। अझ कतिपयले त ती कामहरूले उहाँको हत्या गर्ने षडयन्त्र नै रच्न पुगेको थियो। र कतिपयको निम्ति येशू नै सबैले अपेक्षा गरेका उद्धारकर्ता वा मसीह हुनुहुन्छ भनेर ठम्याउने अवसर पाएका थिए।***

## १. पाँच हजारलाई भोजन

येशूले पाँच हजारलाई भोजन ख्वाउनुभएको समय निस्तार चाडको अघि भनेर यूहन्नाले यूहन्ना ६:४,५मा उल्लेख गर्दछन्। इस्रायलीहरूलाई मीश्रदेशबाट उद्धार गरिएको सम्झनामा निस्तार चाड मनाइएको थियो। आफ्ना जेष्ठ सन्तानलाई मृत्युबाट बचाउन पाठोलाई मारेर त्यसको रगत घरको बाहिरको चौकोसमा छर्किएको थियो। यो पाठोको बलिले हाम्रो सट्टा येशूकै बलिलाई औँल्याएको थियो। हामीले पाउनु पर्ने मृत्यु दण्डको सजायँ येशूले क्रूसमा भोग्नु भएको थियो। हामीमा पर्नुपर्ने पाप उहाँमा खनिएको थियो। येशू ख्रीष्ट निस्तार चाडको पाठो हुनुभएर हाम्रो निम्ति मारिनुभएको थियो (१ कोरन्थी ५:७)।

यस मामिलामा दिदीमाँ एलेन जी. ह्वाइटले यसरी व्यक्त गर्नुहुन्छः "परमेश्वरका दश आज्ञाहरूलाई तोडेर दोषी हुने दोषहरू क्रूसमा उहाँले नै

बोक्नुभयो। त्यस पीडादायी समयमा उहाँका पिताको अनुहार लुकिएको थियो। उहाँको मुटु छियाछिया भएको थियो। चुर्नभएको प्राण उहाँबाट निस्केको थियो। ती सबै त्याग र बलि उहाँले खप्नुको कारण यस संसारका पापी मानिसहरू यस पापी संसारबाट मुक्ति पाऊन् भन्ने हेतुले भएको थियो।"- *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५४०।

यूहन्ना ६:१-१४ पढ्नुहोस्। येशू र मोशाका कथाहरूको बीचमा के समानन्तर देखाइएको छ? यहाँ येशूले के गर्नुभयो जसले गर्दा इस्राएलीहरूका पूर्वज मोशाले तिनीहरूलाई उद्धार गर्न चालिएको कदमलाई तिनीहरूलाई याद दिलाउनु पर्थ्यो? हेर्नुहोस्, "१ यी कुरापछि येशू गालील, अर्थात् तिबेरियास समुद्रको पारिपट्टि जानुभयो। २ अनि एउटा ठूलो भीड उहाँको पछि लाग्यो, किनभने उहाँले रोगीहरूमाथि गर्नुभएका चिन्हहरू तिनीहरूले देखेका थिए। ३ येशू डाँड़ामाथि जानुभयो, र आफ्ना चेलाहरूसँग त्यहाँ बस्नुभयो। ४ यहूदीहरूको चाड, अर्थात् निस्तार-चाड नजिक थियो। ५ तब येशूले आफ्ना चारैतिर हेर्दा एउटा ठूलो भीड आफूकहाँ आइरहेको देखेर फिलिपलाई भन्नुभयो, “यिनीहरूलाई खुवाउनका निम्ति हामीहरूले कहाँबाट रोटी किन्ने?” ६ उहाँले तिनको जाँच गर्नलाई यो भन्नुभएको थियो, किनभने उहाँले जे गर्न लाग्नुभएको थियो, सो उहाँलाई थाहा थियो। ७ फिलिपले उहाँलाई जवाफ दिए, “प्रत्येकले अलि-अलि पाए तापनि दुई सय चाँदीका सिक्काको रोटीले तिनीहरूलाई पुग्नेछैन।” ८ उहाँका चेलाहरूमध्ये एक जना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, ९ “यहाँ एक जना ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन्। तर यति धेरैका निम्ति यतिले के पुग्ला र?” १० येशूले भन्नुभयो, “मानिसहरूलाई बस्न लाओ।” त्यहाँ धेरै घाँस भएको चउर थियो। तब प्रायः पाँच हजार पुरुषहरू त्यहाँ बसे। ११ तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढ़ाउनुभएपछि बस्नेहरूलाई बाँड़िदिनुभयो, र त्यसै गरी माछा पनि बाँड़िदिनुभयो। तिनीहरूले चाहेजति खाए। १२ अनि जब तिनीहरूले भरपेट खाए, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “उब्रेका टुक्राहरू बटुल, र केही नष्ट नहोस्।” १३ खानेहरूले उबारेका जौका ती पाँच रोटीका टुक्राहरू तिनीहरूले बटुले र बाह्र डाला भरे। १४ यसकारण उहाँले गर्नुभएको यो चिन्ह देखेर ती मानिसहरूले भने, “संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ।”

यहाँ लेखिएका वृतान्तमा विस्तृत जानकारीहरू दिएका छन् जसले प्रस्थानमा मोशाले खेलेका भूमिकासँग येशूलाई तुलना गर्न सकिन्छ। यो समय निस्तार चाडकै समय थियो (यूहन्ना ६:४)। यसले इस्राएलीहरूलाई मीश्रदेशबाट महान् काम गरेर स्वतन्त्र पारिएको थियो। येशू पहाडमा उक्लनुहुन्छ ( यूहन्ना ६:३) जसरी मोशा सिनै पहाडमा उक्लेका थिए। येशूले फिलिपलाई जाँच्नुहुन्छ (यूहन्ना ६:५,६) जसरी इस्राएलीहरूलाई उजाड स्थानमा जाँचिएको थियो। संख्यात्मक रूपमा रोटी बढेकोले (यूहन्ना ६:११) इस्राएलीहरूले मरुभूमिको यात्रामा मन्ना खाएको याद दिलाएको थियो। तन्न खाएर उब्रेका रोटी र माछाहरू जम्मा गर्दा बाह्र टोकरीहरू भरिएका थिए। त्यसले इस्राएलका बाह्र कूललाई औँल्याइएको थियो। यस संसारमा आउनुभएको अगमवक्ता येशू हुनुहुन्छ भनेर मानिसहरूले टिप्पणी गर्दा (यूहन्ना ६:१३) उहाँ मोशा जस्तै थिए जुन व्यवस्था १८:१५मा संसारमा आउनेवाला अगमवक्ताको भविष्यवाणीलाई औँल्याउँछ। यहाँ येशू नयाँ मोशा भएर किन आउनुभएको भनेर औँल्याउँदा उहाँ जनहरूलाई उद्धार गर्न आउनुभएको थियो। यसरी, येशूले केवल चिन्ह, अलौकिक र आश्चर्य कामहरू मात्र गर्नु भएन, ती चिन्ह, अलौकि र आश्चर्य कामको सन्दर्भले यहूदीहरूको दिमागमा विशेष अर्थ घुस्नु पर्थ्यो। उहाँको दिव्य ईश्वरत्वलाई तिनीहरूको माझमा उहाँले औँल्याइरहनुभएको थियो।

***देहायका पदहरूमा येशू परमेश्वरका पाठो हुनुहुन्छ भन्ने महान् सत्यलाई हाम्रो सामु कसरी प्रस्तुत गरिएको छ? उहाँको दिव्य ईश्वरत्वसँग यस सत्य कसरी गाँसिएको छ? सबै सत्यहरूमा यो सत्य किन अत्यन्तै महत्त्वपूर्ण छ भनेर हामीले किन महसुस गर्नुपर्दछ? हेर्नुहोस्: "१ हाम्रो समाचार कसले विश्वास गरेको छ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो? २ ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। ४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका***

*निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ७ ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन। ८ अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो। ९ उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो।" यशैया ५३:१-९ र "२४ हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ। २५ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको गोठाला र संरक्षककहाँ फर्किआएका छौ।" १ पत्रुस २:२४-२५।*

## २. "उहाँ त अगमवक्ता पो हुनुहुन्छ"

देहायका पदहरू पढ्नुहोस्। येशूको आश्चर्य वा अलौकिक कामलाई मानिसहरूले कस्तो प्रतिक्रिया जनाए? उहाँ को हुनुहुन्छ भनेर प्रमाणित गर्न यस अलौकिक कामलाई कसरी प्रयोग गर्नुभयो? हेर्नुहोस्, "४ यसकारण उहाँले गर्नुभएको यो चिन्ह देखेर ती मानिसहरूले भने, "संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ।" १५ तिनीहरू आएर उहाँलाई बलजफतीसँग लगी राजा बनाउन खोज्दैछन् भन्ने थाहा पाएर येशू फेरि एकलै डाँड़ामा जानुभयो।...२२ समुद्र पारि रहेको भीड़ले भोलिपल्ट त्यहाँ एउटा मात्र डुङ्गा देखे। तिनीहरूलाई थाहा थियो, कि येशू आफ्ना चेलाहरूसँग डुङ्गामा चढ्नुभएको थिएन, तर उहाँका चेलाहरू मात्र गएका थिए। २३ तब तिबेरियासबाट अरू डुङ्गाहरू त्यस ठाउँको नजिक आए, जहाँ प्रभुले धन्यवाद चढ़ाएपछि तिनीहरूले रोटी खाएका थिए। २४ येशू र उहाँका चेलाहरू त्यहाँ नहुनुभएको थाहा पाएर ती मानिसहरू येशूलाई खोज्दै डुङ्गाहरूमा चढ़ेर कफर्नहुममा गए। २५ तिनीहरूले उहाँलाई समुद्र पारि भेट्टाएर उहाँलाई सोधे, "रब्बी, तपाईं यहाँ कहिले

आउनुभयो?" २६ येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरू चिन्हहरू देखेर होइन, तर अघाउञ्जेल रोटी खाएको कारणले मलाई खोज्दछौ। २७ नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर, जो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ। किनभने परमेश्वर पिताले उसमाथि आफ्नो छाप लगाउनुभएको छ।" २८ तिनीहरूले उहाँलाई भने, "परमेश्वरले चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ?" २९ येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वरको काम यही हो: जसलाई उहाँले पठाउनुभयो उसमाथि विश्वास गर।" ३० यसकारण तिनीहरूले उहाँलाई भने, "तपाईं के चिन्ह देखाउनुहुन्छ, सो हामी हेरौं, र तपाईंलाई विश्वास गरौं? तपाईं के गर्नुहुन्छ? ३१ हाम्रा पिता-पुर्खाले उजाड़-स्थानमा मन्न खाए, जसरी लेखिएको छ, 'उहाँले तिनीहरूलाई खानलाई स्वर्गबाट रोटी दिनुभयो'।" ३२ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूलाई स्वर्गबाट रोटी दिने मोशा होइनन्, तर स्वर्गबाट तिमीहरूलाई साँचो रोटी दिनुहुने मेरा पिता हुनुहुन्छ। ३३ किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ।" ३४ तिनीहरूले उहाँलाई भने, "प्रभु, यो रोटी हामीलाई सधैं दिनुहोस्।" ३५ येशूले तिनीहरूलाई भन्नुभयो "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। ३६ तर मैले तिमीहरूलाई भनेकै छु, तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ। ३७ पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:१४-१५,२२-४०।

रोमको निरङ्कुस शासन र दमनबाट स्वतन्त्र पार्नुहुने सांसारिक मसिही वा उद्धारकर्ता वा स्वतन्त्र सेनानीको आगमनलाई यहूदीहरूले अपेक्षा गरिरहेका थिए। युद्धमा सेनाहरूलाई ख्वाउने र घाइटेहरूको उपचार गर्ने र मरेकाहरूको

हेरबिचार गर्ने काम अत्यन्तै कठिन हुन्छ। आफ्ना अलौकिक वा आश्चर्य कामले ती दुवै सेवा येशूले गर्नुभएको थियो।

तर उहाँ रोमको विरुद्धमा गएर तिनीहरूलाई हटाएर आफू राजनैतिक शक्तिको रूपमा स्थापना गर्न येशू आउनुभएको थिएन। उहाँका कुनै पनि अलौकिक वा आश्चर्य कामहरूको आशय त्यो थिएन। हजारौंलाई ख्वाउनुभएर उहाँ नै जीवनको रोटी हुनुहुन्छ भन्ने प्रमाण उहाँले दिनुभएको थियो। सनातन परमेश्वर आफै स्वर्गबाट ओर्लनुभएको थियो भनेर उहाँले चित्रण गर्नुभएको थियो। उहाँले मार्मिक रूपमा यो वाणी बोल्नुभयो, "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन।" यूहन्ना ६:३५।

उहाँले सातवटा "मै हुँ" भनेर वाणी बोल्नुभएको थियो यूहन्नाको पुस्तकमा छ। ती सातवटाहरूमा यो पहिलो हो। उहाँले भन्नुभयो, "म जीवनको रोटी हुँ।" -यूहन्ना ६:३५, " म संसारको ज्योति हुँ।"-यूहन्ना ८:१२, "म ढोका हुँ।"-यूहन्ना १०:७,९, "म असल गोठालो हुँ"- यूहन्ना १०:११,१४, "पुनरुत्थान र जीवन मैं हुँ।"-यूहन्ना ११:२५, "बाटो सत्य र जीवन मै हुँ।"-यूहन्ना १४:६, "म सकली विरुवा हुँ।"-यूहन्ना १५:१। ती सबैले येशूको बारेमा महत्त्वपूर्ण सत्य ज्ञान उजागर गर्दछ। "मै हुँ" भन्ने सम्बोधनले प्रस्थान ३मा परमेश्वरले आफूलाई मोशालाई प्रस्तुत गर्नुभएको प्रतिध्वनी गर्दछ। उहाँले मोशाको सम्मुख मै महान् हुँ भनेर प्रस्तुत गर्नुभएको थियो (यूहन्ना ८:३५सँग तुलना गर्नुहोस्। येशू महान् मैहुँ हुनुहुन्छ। *तर त्यस ज्ञानलाई बुझ्न मानिसहरू चुकेका थिए।*

"तिनीहरूका असंतुष्ट दिमागहरूमा येशूका बारेमा धेरै प्रश्नहरू छेडिएका थिए। तिनीहरूले देखेका र अनुभव गरेका अलौकिक कामहरू गर्नुहुने येशूले सबैलाई सुस्वास्थ्य, बल र धनहरू उपलब्ध किन गराउन सक्नुहुन्न? उहाँले तिनीहरूलाई शोषण र दमन गर्ने शक्तिबाट तिनीहरूलाई किन उद्धार गर्न सक्नुहुन्छ? यहूदीहरूलाई किन माथि नउचालेर उहाँले सम्मान गर्नुहुन्न? उहाँलाई परमेश्वरले पठाउनुभएको तर इस्राएलका राजा हुन उहाँले अस्वीकार गर्नुभएको उहाँको स्वभावले इस्राएलीहरूले बुझ्नै सकेका थिएनन्। उहाँको अस्वीकारलाई मानिसहरूले गलत सोचेका थिए। उहाँले दावी गर्नुभएको वचनलाई आफैले विश्वास नगरेकोले वा उहाँको लक्ष परमेश्वरकै लक्ष हो भन्ने कुरा उहाँ अस्पष्ट हुनुभएकोले उहाँले दावी गर्नुभएकोले

उहाँ चल्नुभएन भन्ने सोच धेरै मानिसहरूमा थियो। यसले गर्दा तिनीहरूले आफ्ना हृदयलाई शङ्काको बाटोलाई खुलाएका थिए। अनि सैतानले रोपेको बिउ फस्ताएर त्यही खालको फल उत्पादन तिनीहरूले गरेका थिए। तिनीहरूले येशूलाई गलत सम्झे र उहाँको विपक्षमा उभिने निर्णय तिनीहरूले गर्न पुगेका थिए।"- *द डिजाएर अभ एजेज,* पृ. ३८५।

तिनीहरू सांसारिक भौतिक, राजनैतिक तत्वहरूका खोजिमा थिए। अनन्त जीवनसम्म हुने सत्य प्रति तिनीहरूको चासो थिएन। यदि हामी होशियार भएनौं भने यस धरापमा हामी सबै पर्न सक्छौं।

***आत्मिक मूल्य र मान्यतालाई पन्छाएर केवल भौतिक मूल्य र मान्यतामा मात्र डुब्न चाहने प्रवृत्तिबाट हामी कसरी उम्केर बस्न सक्छौं?***

## ३. अन्धो मानिसलाई येशूले निको पार्नुहुन्छः भाग १

**जन्मैदेखिको अन्धो मानिसको कथा यूहन्ना ९:१-१६मा पढ्नुहोस्। उसको अन्धोपनको कारण के रहेछ भनेर चेलाहरूले सोचेका थिए? तिनीहरूको गलत धारणालाई येशूले कसरी सच्याउनुभयो? हेर्नुहोस्, "१ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" ६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन?" ९ कसै-कसैले भने, "यो त्यही हो।" अरूले भने, "होइन, यो त्यहीजस्तो देखिन्छ।" त्यसले भन्यो, "म त्यही हुँ।" १० तब तिनीहरूले त्यसलाई सोधे, "तेरा आँखा कसरी खोलिए त?" ११ त्यसले जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र पखाल।' तब गएर मैले पखालें, र म देख्ने भएँ।" १२ तिनीहरूले त्यसलाई भने, "तिनी कहाँ छन्**

**त?" त्यसले भन्यो, "म जान्दिनँ।" १३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। १५ फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने भइस्?" त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" १६ फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" र तिनीहरूका बीचमा फाटो हुन गयो।"**

पाप र रोगको बीचमा सम्बन्ध छ भनेर चेलाहरूले सोचेका थिए। पुरानो करारका विभिन्न अंशहरूले यस धारणालाई पुष्टि गरेको देखाउँछ (प्रस्थान २०:५, २ राजा ५:१२-२७, २ राजा १५:५, २ इतिहास २६:१६-२१)। तर अय्यूबको कथाले यो धारणा सधैं ठिक छ भनेर देखाएको छैन।

यस अन्धो मानिसको मामिलामा येशूले स्पष्ट बोल्नुभयो। पाप र दुःखको बीचमा हुने सम्बन्ध प्रति येशूले अस्वीकार त गर्नुभएन, तर यस मामिलामा उसको बिमार उच्च लक्ष्यको निम्ति भएको हो भनेर उहाँले औंल्याउनुभयो। त्यो मानिस  निको हुँदा परमेश्वरको महिमा हुन्छ भनेर उहाँले बताउनुभएको थियो। यस विरणमा सृष्टिको बारेमा केही धारणालाई औंल्याइको छ। परमेश्वरले जमिनको धुलोले मानिसलाई सृष्टि गर्नुभएको थियो (उत्पत्ति २:७)। त्यसरी नै  त्यस अन्धो मानिस आमाको गर्भदेखि नै नभएको आँखालाई येशूले माटोमिलाएर उसको आँखामा राखिदिनुभएको थियो। त्यसको फलस्वरूप ऊ देख्न सक्ने भएको थियो।

मत्ती, मर्कूस र लूकामा भएका येशूका आश्चर्य वा अलौकिक काममा साझा धारणा प्रस्तुत गरिएको छः समस्याको व्यक्त, बिरामीलाई येशूकहाँ ल्याउने, उहाँले  निको पार्नुभएको र चङ्गाइले परमेश्वरको महिमा वा प्रशंसा।

यूहन्ना ९ मा यो चरण पूरा भएको थियो जुन यूहन्ना ९:७मा उल्लेख गरिएको छ। आश्चर्य कामलाई यूहन्नाको सुसमाचारमा विशेष महत्त्व र वृहत छलफलको विषय बनाइएको छ। निको हुने मानिस र धार्मिक अगुवाहरूको बीचमा भएको अन्तर्क्रियालाई यूहन्नाले औंल्याइएका छन्। यहाँ दुई विपरित धारणाहरूको बीचमा भएको चिन्तनलाई बुनाइ दिएको छ-पाप र परमेश्वरको काम, अन्धो मानिस र दृष्टि।

येशूले अन्धोको आँखा खोलिदिनुभएको दिन साबथ हो भनेर यूहन्ना ९:१४मा मात्रै बताउँछ। धर्मशास्त्र अनुसार त होइन तर परम्परा र धार्मिक अनुष्ठानलाई येशूले साबथको नीतिलाई उलङ्घन गर्नुभएको थियो। यसरी उहाँलाई साबथ तोड्ने व्यक्ति भनेर आरोप लगाइएको थियो। त्यो आरोप यहूदी धर्मका अख्तियार फरिसी पण्डितहरूले लगाएका थिए। उहाँ परमेश्वरबाट आउनुभएको होइन भनेर तिनीहरूले निश्कर्ष निकालेका थिए। "उहाँले साबथलाई पालन गर्नुहुन्न" भन्ने धारणा तिनीहरूको मगजमा घुसेको थियो। तर अरूहरूको दिमागमा यो धारणा खलबलिरहेको थियो किनभने पापीले त्यस्तो अचम्म कामहरू कसरी गर्न सक्छ र भनेर तिनीहरूले तर्क गरेका थिए (यूहन्ना ९:१६)।

वादविवाद त सुल्झिएन तर तिनीहरूको बीचमा फाटो आएको थियो। येशू को हुनुहुन्छ भनेर अन्धो मानिसलाई स्पष्ट भइरहेको थियो। जब येशूको असली परिचय खोल्यो तब धार्मिक अगुवाहरू झन झन अलमलमा परेका थिए अर्थात् तिनीहरू येशूको मामिलामा अन्धो हुन पुगेका थिए।

***हाम्रा आफ्नै विश्वास, दर्शन, धारणा, संस्कृति, परम्पराले हामी बेर्न पुग्दा हाम्रै अगाडि सत्यलाई उभिएको देख्दा त्यस प्रति अन्धा नहुनु कतिको महत्त्वपूर्ण रहेछ भन्ने यस कथाले हामीलाई कसरी सिकाउँछ?***

## ४. अन्धोलाई निको पारिन्छः भाग २

**यहूदी धर्मगुरु वा पण्डितहरूले अन्धो मानिसलाई के केरकार गरे र उसले कस्तो जवाफ दियो? हेर्नुहोस्, " १७ तिनीहरूले त्यस अन्धालाई फेरि सोधे, "उसले तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तैँ के भन्छस्?" त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ।" १८ दृष्टि पाउने मानिसका आमाबाबुलाई बोलाएर नसोधुञ्जेल यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन्। १९ तब तिनीहरूले उनीहरूलाई सोधे, "के यो तिमीहरूको छोरो हो जो अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ? त अब कसरी त्यो देख्न सक्ने भयो?" २० त्यसका आमा-बुबाले तिनीहरूलाई भने, "हामी जान्दछौं यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो। २१ तर अब यो कसरी देख्ने भयो हामी जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ।" २२ त्यसका आमा-बुबाले यी कुरा भने, किनकि उनीहरू यहूदीहरूदेखि डराउँथे। किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गर्‍यो भने,**

त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका थिए।
२३ यसैकारण त्यसका आमा-बुबाले भने, “यसको उमेर पुगेको छ, यसैलाई
सोध्नुहोस्।” २४ तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर
भने, “परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे पापी हो।” २५
त्यसले जवाफ दियो, “उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा
मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्दछु।” २६ तब तिनीहरूले
त्यसलाई भने, “उसले तँलाई के गर्‍यो? उसले तेरा आँखा कसरी खोलिदियो?”
२७ त्यसले तिनीहरूलाई जवाफ दियो, “मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर
तपाईंहरूले सुन्नुभएन। अब फेरि किन सुन्न चाहनुहुन्छ? तपाईंहरू पनि उहाँका
चेला हुन चाहनुहुन्छ कि कसो?” २८ तिनीहरूले त्यसलाई गाली गर्दै भने, “तँ
पो उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। २९ हामीलाई थाहा छ
मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ
कहाँको हो।” ३० त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, “कस्तो
विचित्र कुरो! उहाँ कहाँबाट आउनुभएको हो तपाईंहरू जान्नुहुन्न, तर मेरा आँखा
उहाँले खोलिदिनुभयो। ३१ हामी जान्दछौं कि परमेश्वर पापीहरूका कुरा
सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा
परमेश्वरले सुन्नुहुन्छ। ३२ संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा
कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। ३३ यदि यी मानिस परमेश्वरबाट
नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।” ३४ तिनीहरूले त्यसलाई
जवाफ दिई भने, “तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई
सिकाउन चाहन्छस्?” अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए। ३५
तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर
भन्नुभयो, “के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ?” ३६ त्यसले जवाफ
दिई भन्यो, “प्रभु, उहाँ को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?” ३७ येशूले
त्यसलाई भन्नुभयो, “तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै
हो।” ३८ तब त्यसले भन्यो, “प्रभु, म विश्वास गर्दछु”, र त्यसले उहाँलाई
दण्डवत् गर्‍यो। ३९ अनि येशूले भन्नुभयो, “म न्यायको लागि यस संसारमा
आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्।” ४० यी कुरा
सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, “के हामी
पनि अन्धा हौं त?” ४१ येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू अन्धा भए ता

**पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।" यूहन्ना ९:१७-४१।**

यूहन्ना ९मा येशू प्रमुख पात्र नहुनुभएको केवल यस अंशमा मात्र थियो। तर उहाँ बादविवादको विषय त अवस्य हुनुभएको थियो। यस कथा पापको बारेमा प्रश्न गरेर सुरु भएको थियो (यूहन्ना ९:२), यहूदी धर्मका पण्डितहरूले येशू पापी हुनुहुन्छ भनेर सोचेका थिए किनकि उहाँले साबथमा बिरामीलाई निको पार्नुभएको थियो (यूहन्ना ९:१६,२४)। त्यो निको भएको व्यक्ति अत्यन्तै पापमा जन्मिएको थियो भनेर उसको निन्दा गरेको थियो (यूहन्ना ९:२४)।

यो अचम्मको छ कि त्यो अन्धो मानिस भौतिक र आत्मिक रूपमा प्रगति गर्न थालिरहेको थिएन उसले येशू प्रति सराहना गर्न उहाँलाई विश्वास गर्न उसको हृदय आशक्त हुन पुगेको थियो। त्यसको विपरित फरिसीहरू आफ्नो समझशक्तिमा झन झन अन्धो हुन थालेका थिए र येशूको बारेमा विभाजन हुन थालेको थियो (यूहन्ना ९:१६) र उहाँ कहाँबाट आउनुभएको सो त्यसको बारेमा विवाद चल्न थालेको थियो (यूहन्ना ९:२९)।

फेरि त्यसै समयमा यस आश्चर्य कथाको वर्णन गर्ने क्रममा हामीलाई येशू को हुनुहुन्छ भन्ने अवसर यूहन्नाले पाएको थियो। येशूले गर्नुभएका अध्याय ९मा वर्णन गरिएको अलौकिक काम वा चिन्हहरूको विषयवस्तुले यूहन्नाको पुस्तकमा अरू धेरै विषयवस्तुहरू छेड्न पुगेको पाइन्छ। येशू संसारको ज्योति हुनुहुन्छ (यूहन्ना ९:५,८:१२) भन्ने कुरामा उनी विश्वस्त हुन पुगेका थिए। यस कथामा येशूको रहस्यमय उदयको विषयवस्तु पनि अघि सारेको छ। उहाँ को हुनुहुन्छ, उहाँ कहाँबाट आउनुभएको हो र उहाँको खास लक्ष्य के हो? (यूहन्ना ९:१२,२९सँग यूहन्ना १:१४ तुलना गर्नुहोस्)। पहिलेका अचम्मका कामहरूमा चित्रण गरिएको मोशा पनि यस अध्यायमा देखा पर्छ (यूहन्ना ९:२८,२९, यूहन्ना ५:४५,४६ र यूहन्ना ६:३२)। आखिरमा आएर येशू प्रति भिडको अन्तर्क्रियाको विषयवस्तु पनि यहाँ देखा पर्छ। कति मानिसहरू ज्योति भन्दा अन्धकारलाई मन पराउँछ भने कतिपयले येशू प्रति आस्था जगाउने अवसर पनि पाएको देखाउँछ (यूहन्ना ९:१६-१८, ३५-४१, यूहन्ना १:९-१६, यूहन्ना ३:१६-२१, यूहन्ना ६:६०-७१)।

पुरानो करार र अरू धर्मशास्त्रको पण्डित र विद्वान धर्मगुरुहरूमा नै भएको आत्मिक अन्धोपन डरलाग्दो छ। अन्धो मानिसले यो घोषणा गरेको

थियो,"३२ संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। ३३ यदि यी मानिस परमेश्‍वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।" यूहन्ना ९:३२,३३। यद्यपि धर्मका अगुवाहरू र राष्ट्रलाई नै अगुवाइ गर्न धर्मका अगुवाहरूले उहाँ मसीह हुनुहुन्छ भनेर महसुस गरि स्वीकार गर्नुपर्नेमा तिनीहरूले उहाँलाई अस्वीकार गर्ने र त्याग्नेमा अग्रपङ्क्ति हुन पुगेको थियो। उहाँका अनेकौं अलौकिक र आश्‍चर्य काममा उहाँ को हुनुहुन्छ भनेर उहाँलाई चिन्नै सकेनन्। तर तिनीहरूले उहाँलाई देख्न सकेका थिएनन् वा वास्तविक रूमा देख्न चाहेका थिएनन्। हाम्रो हृदयले हामीलाई नै धोका देख्न सक्छ भन्ने यो भन्दा बलियो प्रमाण अरू के होला?

**१ कोरन्थी १:२६-२९मा पावलले वर्णन गरेको लेखले यहाँको दृश्यलाई कसरी बुझाउन सक्छ र यूहन्नाको माथिको विवरणसँग कसरी मिल्दछ? त्यही नीति अहिले पनि कसरी लागु भइरहेको छ? हेर्नुहोस्, " २६ *भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ? सो विचार गर। सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ। २७ तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्‍वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्‍वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो। २८ परमेश्‍वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो। यहाँसम्म कि नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, २९ र कुनै प्राणीले परमेश्‍वरको सामुन्ने अहङ्कार नगरोस्।* ३० परमेश्‍वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। ३१ यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्।"**

## ५. लाजरसको पुनरुत्थान

यूहन्ना ११ दुःखलाग्दो दृश्यहरूले भरिएको छ। येशूका प्रिय साथीको बिमारको दुःख लाग्दो खबर (यूहन्ना ११:१-३); साथीको मृत्युमा रुवावासी (यूहन्ना ११:१९,३१,३३); बहिनीहरूको बिलाप। लाजरस बिमार भएको समयमा येशू हुनुभएको भए उनी नमर्ने थियो भनेर उनका बहिनीहरूले शोक

गरेका (यूहन्ना ११:२१,३२) येशूका आँखाबाट बगेका आँशुका धाराहरू (यूहन्ना ११:३५)।

तर लाजरस बिमार भएको थाहा पाए पनि जानाजानी येशू आफ्नो यात्रा गर्न दुई दिन ढिलो गर्नुभएको थियो (यूहन्ना ११:६)। अझ उहाँले त अगाडि नै जान नपाएकोमा उहाँ खुशी हुनुभएको भावना व्यक्त गर्नुभएको थियो (यूहन्ना ११:१४,१५)। उहाँको हृदय चिसो र कठ्याङ्ग्रिएको कारणले त होइन। तर परमेश्वरको महिमा प्रकट गर्न उहाँ तुरन्तै लाजरस भएको गाउँमा जानुभएको थिए।

यूहन्ना ११:१७-२७मा हामी पुग्दा लाजरस मरेको चार दिन भइसकेको पाइन्छ। चार दिन पछि उनको शरीर त गन्हाएको हुनुपर्छ र यसलाई मार्थाले नै पुष्टि गरेकी थिइन्, " येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" यूहन्ना ११:३९। येशू लाजरको घरमा ढिलो पुग्नुहुँदा उहाँले गर्नुहुने काममा अझ चकित पार्ने थियो भन्ने कसैको दुईमत छैन। गन्हाएको मुर्दालाई बिउँताउनु? येशू नै परमेश्वर हुनुहुन्छ भन्ने त्यो भन्दा अरू सबुद प्रमाणा अरू के होला?

जीवन वा प्राणलाई सृष्टि गर्नुहुने परमेश्वरमा मृत्युमाथि विजय पाउने शक्ति त हुन्थ्यो नि। येशूले उहाँ आफू को हुनुहुन्छ भन्ने निर्णायक सत्यलाई लाजरसको मृत्युमा प्रकट गर्नुभएको थियो। उहाँले यो जिकिर गर्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ। मलाई विश्वास गर्ने मरेतापनि ऊ जिउनेछ र प्रत्येक व्यक्ति जो बाँचेर मलाई विश्वास गर्छ उसले कहिल्यै पनि मृत्यु चाख्नेछैन।" यूहन्ना ११:२५,२६।

**आफू को हुनुहुन्छ भन्ने दावीलाई समर्थन गर्न येशूले के गर्नुभयो? हेर्नुहोस्, " ३२ जब मरियम येशू हुनुभएको ठाउँमा आइन् र उहाँलाई देखिन्, तब यसो भन्दै तिनी उहाँका पाउमा परिन्, "हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो त मेरो भाइ मर्नेथिएन।" ३३ जब येशूले तिनलाई रोइरहेकी र तिनीसँग आउने यहूदीहरू पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा ज्यादै व्याकुल हुनुभयो अनि अति दुःखित हुनुभयो। ३४ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका छौ?" तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।" ३५ येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिनलाई कति माया गर्नुहुन्थ्यो।" ३७ तर कुनै-कुनैले भने, "के अन्धाका आँखा खोलिदिने**

यिनले यस मानिसलाई पनि मर्नदेखि बचाउन सक्नेथिएनन् र?" ३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो। ३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, 'तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौ'?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।" ४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।" यूहन्ना ११:३२-४४।

येशू संसारको ज्योति हुनुहुन्छ भनेर येशूले बताउनुभएको जस्तै (यूहन्ना ८:१२, ९:५), अन्धोलाई आँखा दिनुभएको जस्तै (यूहन्ना ९:७), यहाँ लाजरसलाई मृत्युबाट पुनरुत्थान गर्नुहुन्छ र जीवन दिनुहुन्छ (यूहन्ना ११:२५)।

अरू अलौकिक काम जस्तै लाजरसलाई बिउँताउने कामले येशू नै जीवन दिने परमेश्वर आफै हुनुहुन्छ भनेर बढि सबुद प्रमाण भएको थियो। येशू परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँलाई विश्वास गर्दा जीवन पाउँछ (यूहन्ना २०:३०,३१) भन्ने यूहन्नाको विषयवस्तुलाई यस घट्नाले बलियो समर्थन गर्दछ।

***तर, यस विश्वासै गर्न नसक्ने कथाको अन्तमा आएपछि (यूहन्ना ११:४५-५४) जसले गर्दा देख्ने धेरैले विश्वास गरेतापनि त्यस घट्नाले येशूको जीवनमा मृत्युको घण्टा बज्न पुगेको थियो। मरेकोलाई जीवन दिन सक्नुहुने येशूलाई मार्ने षडयन्त्र गरेर हत्या गर्दा के उहाँ पुनरुत्थान हुनुबाट तिनीहरूले रोक्न सक्छन् र? परमेश्वरको ज्ञान, बुद्धि र शक्तिको सामु असफल मानवताको ज्वलन्त उदाहरण यो भन्दा अरू के होला?***

## उपसंहार

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. ३८३-३९४को "द क्राइसिस इन ग्यालिली"; पृ. ५२४-५३६को "लाजरस, बाहिर आऊ" र "पृ. ५३७-५४२को "प्रिस्टली प्लटिङ्गस्।"**

"संसारलाई जीवन दिने वचन येशूको जीवनमा छ। उहाँकै बोलीले बिरामीका रोगलाई निको पार्नुभएको थियो र दुष्ट आत्माहरूलाई मानिसहरूबाट निकाल्नुभएको थियो; उहाँकै बोलीले समुद्रका आँधीबेरीलाई शान्त पार्नुभएको थियो र मरेकलाई ब्युँताउनु भएको थियो। उहाँको वचनमा शक्ति भएको गवाही मानिसहरूले बोकेका थिए। उहाँले परमेश्वरकै वाणी बोल्नुभएको थियो। पुरानो करारका अगमवक्ता र शिक्षकहरूद्वारा उहाँले नै बोल्नुभएको थियो। पूरा बाइबल धर्मशास्त्र नै येशू ख्रीष्टको प्रकटीकरण हो। उहाँका अनुयायीहरूको आस्थाको दिमागमा उहाँको वचनले ठाउँ ओगटेको मुक्तिदाताले चाहनुहुन्छ। जब उहाँको प्रत्यक्ष उपस्थिति हुँदैन तब उहाँको वचन नै शक्तिको स्रोत हुन्छ। तिनीहरूको स्वामी जस्तै तिनीहरू परमेश्वरको मुखारबाट निस्केका प्रत्येक वचनमा बाँचिरहनुपर्छ। मत्ती ४:४।

"जसरी शारीरिक जीवन खानाबाट धान्दछ त्यसरी नै हाम्रो आत्मिक जीवनलाई जीवन दिइरहन परमेश्वरको वचनलाई ठाउँ दिनैपर्छ। प्रत्येक मानिसले आफ्नो लागि परमेश्वरको वचनबाट जीवन पाउनुपर्दछ। हष्टपुष्ट हुनु स्वस्थ खाना हामी आफैले खानुपर्छ भनेको जस्तै आत्मिक जीवनलाई फूर्ति प्रदान गर्न परमेश्वरको वचन हामी आफैले अध्ययन गर्नुपर्छ। अरू मानिसहरूको माध्यमबाट मात्र हामीले आत्मिक खाना खानुहुन्न। हामीले बढो होशियारसाथ बाइबल अध्ययन गर्नुपर्छ। पवित्र आत्माको सहयोगको निम्ति हामीले परमेश्वरसँग सहायता माग्नैपर्छ। उहाँको वचनलाई बुझ्न पवित्र आत्माको उपस्थिति अपरिहार्य छ।"-*द डिजाएर अभ एजेज,* पृ. ३९०।

## चिन्तनमननः

**अ. यस अध्यायमा हामीले येशूका विभिन्न अलौकिक कामलाई हेऱ्यौं। उहाँले पाँच हजारलाई ख्वाउनुभएको थियो, जन्मैदेखिको अन्धालाई उहाँले निको पार्नुभएको थियो र लाजरसलाई मरेकोबाट बिउँताउनुभएको थियो। प्रत्येक मामिलामा उहाँ परमेश्वर नै हुनुहुन्छ भन्ने प्रमाण शक्तिशाली रूपमा प्रकट गरिएको थियो। ती आश्चर्य कामहरू जतिसुकै**

चकित पार्ने भएतापनि उहाँको बारेमा मानिसहरूमा विभाजन आएको थियो। कतिले उहाँलाई विश्वास गरे कतिले शङ्का नै गरे। प्रभावकारी प्रमाणमा पनि मानिसहरूले परमेश्वरलाई त्यागन सक्छ भन्ने पाठ हामीलाई कसरी सिकाउँछ?

आ. ती सबै कथाहरूले येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनेर औंल्याउँछ। येशू हाम्रो मुक्तिदाता हुनुहुन्छ भनेर ठम्याउन उहाँको देवत्व किन महत्त्वपूर्ण छ?

इ. १ कोरन्थी १:२६-२९लाई फेरि हेर्नुहोस्। अहिलेको एक्काइसौं शताब्दीमा पनि त्यही नीति मानिसहरूले कसरी अबिलम्बन गरिरहेका छन्? सांसारिक दार्सनिक, पढेलेखेका बुज्रुकहरूको सामु येशूभक्तले विश्वास गर्ने केही मूर्ख कुराहरू के छन्? ती भौतिक जीवनमा लिप्ट हुनेहरूले येशूभक्तका विद्याहरूको उपहास किन गर्छन् र अस्वीकार गर्छन्? हामीले विश्वास गरेका के हुन् जसले शक्तिशाली मानिसहरूलाई लाजमा पार्न सक्दछ?

## कथा २
## अकोलोम्बियाको ग्रामिण क्षेत्रमा पुनर्जागरण

पाब्लोले सेभेन्थ-डे एडभेन्टिस्टको बारेमा कहिल्यै पनि सुनेका थिएनन्। उनी दक्षिण अमेरिकाको कोलम्बियाममा रहेको सिकुआनी जनजातिको अगुवा थिए। जब उनलाई एक दिन साबथमा सेवा कार्यको निम्ति निम्तो दिइएको थियो, उनी घरबाट टाढा थिए। "यो शनिबार हामीले सेवा सङ्गति गर्नेछौं। तपाईं पनि आउनुहोस्," कसैले उनलाई निम्तो दिएको थियो।

पाब्लो साबथ दिनको बिहानको सङ्गतिमा गए। मानिसहरूले बाइबल अध्ययन गरिरहेको उनले देखे। उनी अपरान्हको सेवाकार्यमा पनि फर्के र बाइबलको बारेमा छलफल गरेको उनले सुने। २५ वर्षको मिसिनेरी क्रिस्टिन क्यामिलोले विहानको सेवा चलाएकोले उनी छक्क परेका थिए। बाइबलसँग सम्बन्धित प्रत्येक प्रश्नको जवाफ क्रिस्टिनले दिएका थिए।

जब उनले अवसर पाए तब उनले आफ्नो प्रश्न राखे, "सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको सदस्य हुन मैले के गर्नुपर्छ?" "हामीले बाइबल अध्ययन गर्न सुरु गर्न सक्छौं," क्रिस्टिनले भने। उनको आफ्नै सिकुनी भाषामा लेखिएको २० वटा बाइबलका पाठहरूबाट क्रिस्टिनले पाब्लोलाई बाइबल सिकाए। पाब्लो खुशी भएका थिए र आफ्नो सम्पूर्ण परिवारको निम्ति पाठहरू मागे। क्रिस्टिनले पाब्लोलाई बाइबल दिए र उनको परिवारलाई बाइबल सिकाउन उनको गाउँमा आउने वचन क्रिस्टिनले दिए।

क्रिस्टिनलाई ठुलो क्षेत्रमा रेखदेख दिइएको थियो। पाब्लोको गाउँमा जान उनले तिन महिना पर्खिनु परेको थियो। उनी दुई जना सिकुआनी एडभेन्टिस्टहरूसँग पाब्लोको गाउँमा गए। तिनीहरूको सहायताबिना पाब्लोको गाउँ उनले थाहा पाउन सक्ने थिएन। पाब्लोले क्रिस्टिनले अतिथी सत्कार गरे र आफूले २०वटा बाइबलका पाठहरू अध्ययन गरिसकेको उनलाई सुनाए। उनले आफ्नो परिवारलाई बाइबल सिकाएको र उनको गाउँमा १५ जनाले बप्तिस्मा लिन तयार भएको उनले सुनाए।

क्रिस्टिन पाब्लोको गाउँमा शुक्रवार आएका थिए र दिनभरी बाइबलको बारेमा उनले छलफल गरे। मानिसहरू बप्तिस्मा लिन तयार छन्

भनेर उनले महसुस गरे। जब घाम अस्तायो उनले तिनीहरूसँग बेलुकीको आराधनाको अगुवाइ गरेका थिए।

साबथको बिहान क्रिस्टनले चर्चमा आएकाहरूको निम्ति आराधना सेवा गर्न अगुवाइ गरे र प्रवचन दिए। त्यस पछि एक जना मानिसले उनलाई भने, "यस गाउँमा एउटा पोखरी छ।" अर्कोले भने, अहिले नै हामी बप्तिस्मा लिन चाहन्छौं!" त्यस साबथ पाँच जनाले बप्तिस्मा लिए: पाब्लो, उनकी आमा, उनी दुई भाइहरू र बुहारीहरू।

आज, पाब्लोले उनका मानिसहरूलाई बाइबल सिकाउँदैछन्।

"उनको गाउँमा धेरै मानिसहरू परमेश्वरको वचनको निम्ति भोको छन्। पाब्लो जस्तै धेरै मानिसहरू छन् जो येशूका भक्त हुन पर्खिरहेका छन्," क्रिस्टिनले यस लेखकलाई सुनाए।

कोलोम्बिया र संसारका धेरै मानिसहरू छन् जो परमेश्वरको वचनको निम्ति भोको छन्। तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस् ताकि क्रिस्टिन जस्तो सुसमाचार प्रचारकहरू तिनीहरूकहाँ पुगून्।